जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २८७ २०८२ साल असार ७ गते शनिबार (21 June 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : आँपले सुसज्जित सिरहा,... ३ पृष्ठमा : इनड्राइभ नेपालको ... ३ पृष्ठमा :पाकिस्तानबाट २६९ अफगान ...

## दुई हजार ७ सय ९४ जना मिटरब्याज पीडितहरुबाट प्रहरीमा उजुरी




**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

मिटर ब्याजमा ऋण लिएका पीडितहरुको संख्या सप्तरीमा बढ्दै गएको छ । जिल्लामा हालसम्म २ हजार ७ सय ९४ जना पीडितहरुबाट प्रहरीमा उजुरी परेको छ ।

जसमध्ये अहिलेसम्म ५ सय ८ वटा उजुरी मात्र फछ्र्यौंट भएको छ भने २ हजार २ सय ८६ उजुरी फछ्र्यौंट गर्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले हालसम्म फछ्र्यौंट भएका उजुरी मध्ये १ सय ४२ वटामा सहमति मार्फत, ३८ वटा मुद्दा दर्ता मार्फत तथा बाँकी कानुनी प्रक्रिया अनुसार फछ्र्यौंट भएको बताए । उनले अब नयाँ व्यवस्था अनुसार बाँकी रहेका उजुरीहरुको फछ्र्यौंट जिल्ला प्रशासन कार्यालयबाट हुने जानकारी समेत दिए ।

यस अघि जिल्ला प्रहरी कार्यालय मार्फत अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरी, छानबिन तथा फछ्र्यौंट गर्ने काम हुँदै आएकोमा अब जिल्ला प्रशासन कार्यालयबाट हुने भएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले दुई दिनअघि सूचना जारी गर्दै अब जिल्लाभित्र हुने अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी सम्पूर्ण उजुरी, छानबिन तथा फछ्र्यौंट कार्यहरु हुने जानकारी गराएको थियो ।

## मोटरसाइकल र साइकल ठोक्किँदा तीनको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, ६ असार ।**

सिरहामा मोटरसाइकल र साइकल ठोक्किँदा शुक्रबार तीन जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेहरूमा मोटरसाइकल चालक सिरहाको कलयाणपुर १२ का २९ वर्षीय नरेश मुखिया, पछाडि सवार कल्याणपुर नगरपालिका २ चतरीका २८ वर्षीय प्रदीप मुखिया र साइकल यात्री सिरहा नगरपालिका २ का ६५ वर्षीय कुसे राय रहेका छन् ।

शुक्रबार साँझ सिरहा नगरपालिका १८ लक्षमिनिया स्थित हुलाकी सडक खण्डमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्रदेश २-०१००३प.३२३० नम्बरको मोटरसाइकल र पश्चिमबाट पूर्वतर्फ गइरहेको साइकल सन्हैठा नजिक एक आपसमा ठोकिएको हो ।

सिरहाका प्रहरी प्रवक्ता डिएसपी विरेन्द्रकुमार पासवानका अनुसार दुर्घटनामा तीनैजना गम्भीर घाइते भएका थिए ।

उपचारका लागि प्रादेशिक अस्पताल सिरहा लगिएकोमा तीनैजनालाई चिकित्सकले मृत घोषणा गरेका थिए ।

मृतकहरूको शव पोष्टमार्टमका लागि अस्पतालमा राखेर घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## दुई न्यायधिश न्यायपरिषद्मा तानिए

**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

आचरणमा प्रश्न उठेपछि दुई जिल्ला न्यायाधीशहरु जिम्मेवारीविहीन भई न्यायपरिषद्मा तानिएका छन् ।

न्यायपरिषद्ले धनुषाका न्यायाधीश हरिकृष्ण श्रेष्ठ र दार्चुलाका न्यायाधीश पुष्पराज पाण्डेलाई न्यायपरिषद्मा तानेको हो ।

यसअघि न्यायपरिषद्ले उच्च अदालतका दुई न्यायाधीश डा. खुसीप्रसाद थारु र अर्जुन महर्जनलाई वीरगञ्जबाट परिषद्मा तानेको थियो ।

रौतहट बम विस्फोटको घटनाका आरोपित मोहम्मद् आफ्ताब आलम लगायतलाई सफाई दिएपछि दुवै जनामाथि प्रश्न उठेको थियो ।

## तिलाठी कोईलाडीको ४३ करोड ८४ लाख १९ हजार रुपैयाँको बजेट



**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले आगामी आर्थिक बर्ष २०८२/८३ का लागि करिब ४४ करोड रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ ।

शुक्रबार आयोजित आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुती तथा १२औं गाउँ सभामा ४३ करोड ८४ लाख १९ हजार रुपैयाँको बजेट पेश गरिएको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार कर्णले कुल बजेटको चालुतर्फ ३२ करोड ८८ लाख १५ हजार र पूँजिगत तर्फ १० करोड ९६ लाख ४ हजार रुपैयाँ रहेको जानकारी दिए ।

सो बजेटमा संघबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ १० करोड ६७ लाख र सशर्त अनुदानतर्फ १९ करोड १० लाख, संघीय राजस्व बाँडफाँडबाट ८ करोड ९० लाख ७९ हजार ३६८ रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।

यसैगरी प्रदेश सरकारबाट राजश्व बाँडफाँडतर्फ ४५ लाख प्राप्त हुने अनुमान गरिएको छ भने वित्तीय समानिकरणतर्फ ८० लाख, सशर्त अनुदानतर्फ ८० लाख, विशेष अनुदान ३० लाख र समपुरक अनुदानतर्फ २० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको प्रमुख प्रशासकीय अधिकृत कर्णले जानकारी दिए । कुल आन्तरिक आम्दानी २ करोड ६१ लाख ४० हजार रुपैयाँ अनुमान गरिएको छ ।

यस्तै लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (जेसी अडिट) को सुरुवात, बालमैत्री तथा बाल श्रममुक्त पालिका घोषणाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने नीति लिइएको छ । ब्यवसायिक रुपमा पशुपालन ब्यवसाय गर्ने कृषकलाई सहकारी संस्थामार्फत ५० प्रतिशत निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने, कृषिलाई ब्यवसायिक तथा उत्पादनमुखी बनाउन गहुँ, धान र प्लाष्टिकको स्प्रेयर ५० प्रतिशत अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइने तथा कृषि विद्युतीकरणको लागि आवश्यक बजेट विनियोजन गरि कृषि विद्युतीकरणमा जोड दिइने नीति लिइएको छ ।

उच्च शिक्षा अध्ययन गर्न चाहने दलित, गरिब तथा जेहेन्दार बालबालिकाका लागि आवश्यक छात्रवृत्तिको ब्यवस्था गरिने, सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिम संचालन गरिने नीति लिइएको छ ।

पत्रकारिता जगतको संस्थागत विकासका साथै क्षमता विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने, मैथिली साहित्य, भाषा, सँस्कृति क्षेत्रको संस्थागत तथा समुचित विकासको लागि

*बाँकी तीन पृष्ठमा*

**अनलाइन ठगीबाट बचौं र बचाऔं**

**अनलाइन ठगहरुले:**

- तपाईंले चिठ्ठा जिन्नुभयो,
- तपाईंको बैंक खाता बन्द हुँदैछ, तुरुन्त OTP पठाउनुहोस्,
- यो लिङ्क क्लिक गर्नुस्, ठूलो इनाम पाउनुहुनेछ,
- म विदेशबाट पैसा पठाउँदै छु, तपाईंको खाता पठाउनुहोस् जस्ता अनेकौं प्रलोभन दिन सक्छन् ।

**त्यसबाट बच्नः**

- OTP, पासवर्ड वा बैंक विवरण कसैलाई नदिऔं,
- अपरिचित लिङ्क वा एप डाउनलोड नगरौं,
- कुनैपनि प्रकारका प्रस्तावमा नलोभिऔं,
- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिलाई व्यक्तिगत जानकारी नदिऔं,
- ठगी भएको वा हुन लागेको शङ्का लागेमा तुरुन्तै नजिकको प्रहरीलाई खवर गरौं ।

"सावधानी अपनाऔं, अनलाइन ठगीबाट बचौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

# आँपले सुसज्जित सिरहा, चिस्यान केन्द्र नहुँदा समस्या

**सुदिप राउत**

सिरहा, ६ असार (रासस)।

यो मौसम हो आँपको। अर्थात् सिरहा यतिबेला आँपमय बनेको छ। पूर्वपश्चिम राजमार्गस्थित सडक किनारा आँपले छपक्कै ढाकिएका छन्। हावाको सर्कोसँगै आँपको मिठास र सुगन्धले भरिएको छ मौसम। हरेक घरको आँगन, बगैँचाको कुना र बजारको छेउमा बगिरहेको आँपको सुगन्ध सिरहाको पहिचान हो। हावामा घुलिएको त्यो सुगन्ध, जुन स्वादमा बदलिन्छ। यही स्वाद अब व्यवसाय, रोजगारी र आत्मनिर्भरताको गाथा बन्न थालेको छ।

आँपको राजधानीका रूपमा लिइन्छ सिरहालाई। यद्यपि, यो उपाधि कुनै आधिकारिक निकायले दिएको नभएर जनमानसमा विकसित भएको उपमा हो। सिरहालाई 'आँपको राजधानी' भन्ने चलन यसको बृहत् उत्पादन, समथर भूभाग, गर्मी मौसम, विशिष्ट गुणस्तर र व्यापारिक महत्वजस्ता कारण मुख्य हुनसक्छ।

आँप केवल स्वादिलो फलमात्र होइन, यो पोषण, स्वास्थ्य, संस्कृति र अर्थतन्त्रसँग गाँसिएको फल पनि हो। त्यही भएर यसलाई 'फलको राजा' मात्र नभई 'जीवनको फल' पनि मानिन्छ। यसको खेतीमा जीवनयापन गर्ने हजारौं व्यावसायिक किसानको आशा, मेहनत र भविष्य यसैमा गाँसिएको हुन्छ। आँप केवल स्वाद र सुगन्धको प्रतीकमात्र होइन, यो धेरैका लागि जीवनको आधार पनि हो।

गोलबजार नगरपालिका-३ स्थित मुसहर्नियाका किसान भरत यादव र निरज सिंहले करिब सय बिघा क्षेत्रफलमा फैलिएको आँपको व्यवस्थित बगैँचा तयार गरेका छन्, जुन अहिले जिल्लाकै सबैभन्दा ठूलो व्यावसायिक आँपखेतीको नमूना बनेको छ। यो बगैँचाले केवल उत्पादनको मात्रामा मात्र योगदान दिएको छैन, जिल्लामा व्यावसायिक आँपखेतीतर्फ किसानको रुचि बढाउने प्रेरणा पनि प्रदान गरेको छ।

"पहिला परम्परागत रूपमा खेती गर्थ्यौं, अहिले भने बजार, प्रविधि र व्यवस्थापनमा ध्यान दिएर व्यावसायिक बनाएका छौं", किसान निरज सिंहले भन्नुभयो, "आँपखेतीबाट दैनिक २५ देखि ३० जनाले रोजगारी पाउने गरेका छन्। सिजनमा दुई सयदेखि पाँच सय कार्टुनसम्म आँप टिप्ने, प्याक गर्ने र त्यसलाई काठमाडौं, पोखरा, वीरगञ्ज, जनकपुरसम्म लैजाने गरेका छौं।" बगैँचाबाट हरेक वर्ष लाखौं रूपैयाँको आँप बिक्री हुने गरेको उहाँको भनाइ छ।

नेपालमा आँपको मुख्य मौसम सुरू नहुँदै बजार भारतीय आँपले भरिने क्रम यस वर्ष पनि दोहोरिएको किसान सिंहले दुःखेसो पोख्नुभयो। उहाँका अनुसार, जेठको दोस्रो सातादेखि नै नेपालका सहरबजारमा भारतीय आँपको बर्चस्व देखिन्छ, जबकि स्थानीय आँप असारको पहिलो, दोस्रो हप्तामात्र परिपक्व हुन सुरू गर्छन्। "यसले गर्दा देशभरका व्यावसायिक किसान चिन्तित छन्", उहाँले भन्नुभयो।

यहाँका आँप बजारमा आउनुअघि नै सस्तो दरमा भारतीय आँप बग्रेल्ती भित्रिएपछि यहाँका किसान प्रतिस्पर्धामा पछाडि परेका छन्। सिरहाको मुसहर्नियाका व्यावसायिक कृषक भरत यादव भन्नुहुन्छ, "हामीले मेहनत गरेर आँप उत्पादन गर्‍यौं, तर भारतीय आयातले हाम्रो उत्पादनलाई बजार नै नदिएपछि ठूलो घाटा सहनुपरेको छ। एकातिर आँपको उत्पादन घटयो, अर्कोतर्फ बजार मूल्य उस्तै रह्यो।"

भारतीय आँप नेपालमा सस्तो मूल्यमा पाइने भए पनि, उपभोक्ताले धेरैजसो अवस्थामा रसायन प्रयोगको डर, कम स्वाद र कम ताजगीजस्ता गुनासो व्यक्त गर्ने गरेका छन्। नेपालमा फलफूल आयातका सम्बन्धमा स्पष्ट नीतिको अभाव, कमजोर सीमास्तर निगरानी र स्थानीय उत्पादनको संरक्षण नहुनु मुख्य कारण मानिन्छ। किसानहरू भन्छन्, "नेपाल सरकारले कागजमा आत्मनिर्भरता भन्ने नारा लगाउँछ, तर व्यवहारमा किसानको संरक्षण छैन।"

स्वाद र गुणस्तरमा अब्बल भए पनि स्थानीय आँप उत्पादनले बजारमा भारतीय फलसँग प्रतिस्पर्धा गर्न कठिनाइ भोगिरहेको छ। विदेशी आँप बढी चम्किला, आकर्षक देखिए पनि तीमध्ये धेरैमा अत्यधिक विषादी वा रसायन प्रयोग हुने गरेको खबर सार्वजनिक भइरहन्छन्। लहान-२४ का व्यावसायिक किसान शम्भु चौधरी भन्नुहुन्छ, "हामीले रोग नियन्त्रणका लागि केही जैविक उपायमात्र अपनाउँछौं र अत्यधिक विषादी प्रयोग गर्दैनौं। यसैले हाम्रो आँप स्वादिलो, सुरक्षित र ताजा हुन्छ।"

**आँप उत्पादनमा सिराहा पहिलो**

मधेस प्रदेश आँपखेतीका लागि उर्वरभूमि हो। यहाँको हावापानी, माटो आँप उत्पादनका लागि सुहाउँदो छ। प्रदेशको सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ जिल्लामा व्यावसायिक रूपमै आँपखेती हुँदै आएको छ। आँप उत्पादनमा यो प्रदेशको ७७ प्रतिशतभन्दा बढी योगदान रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेस प्रदेशका सचिव डा उमेश दाहालको भनाइ छ।

मन्त्रालयको तथ्याङ्कानुसार देशभर ४२ हजार ७७३ हेक्टर क्षेत्रफलमा आँपखेती हुन्छ। जसबाट वार्षिक उत्पादन हुने पाँच लाख १३ हजार ५५ मेट्रिक टन आँपमा मधेस प्रदेशमा मात्र २९ हजार ९९ हेक्टर क्षेत्रफलमा आँपखेती हुने गरेको छ। जहाँबाट वार्षिक तीन लाख ९५ हजार ७९४ मेट्रिक टन आँप उत्पादन हुने गरेको छ।

आँप उत्पादनका दृष्टिले सिराहा सबैभन्दा अगाडि छ। सिराहमा वार्षिक एक लाख चार हजार ६७६ मेट्रिक टन आँप फल्छ भने सप्तरीमा ९६ हजार, धनुषामा ३६ हजार ९१६, महोत्तरीमा ३२ हजार ७२२, सर्लाहीमा ३९ हजार ११८, रौतहटमा ६२ हजार ५६१, बारामा १९ हजार २६९ र पर्सामा चार हजार ७३१ मेट्रिक टन आँप उत्पादन हुने गरेको मन्त्रालयको तथ्याङ्क छ।

**स्वादमा नामी**

नेपालका विभिन्न सहरमा 'लहानको माल्द आँप' भनेर बिक्री हुने आँप स्वादका हिसाबले चर्चित त छ, तर पछिल्लो समय बजारमा ठगी, विषादी प्रयोग र नक्कली 'लेबलिङ'का कारणले यसको बदनामी पनि उत्तिकै बढ्दो छ। लहानकै माल्दको स्वाद पाएकाहरूमाझ भने यो आँप नामी छ।

लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइ भन्नुहुन्छ, "लहानकै वास्तविक माल्द आँप खाएका उपभोक्ता यसको मिठास, सुगन्ध र प्राकृतिक रसिलोपनाको खुलेर प्रशंसा गर्छन्। तर बजारमा यही नाममा कम गुणस्तरका, समयअगावै टिपेर पकाइएका वा भारतीय आँप बिक्री हुँदा उपभोक्तामा भ्रम र असन्तुष्टि बढेको छ।" राजमार्गको उत्तरी भेगमा पर्ने सिरहाको लहान, धनगढीमाई, गोलबजार, मिर्चैया र कर्जन्हा नगरपालिकाको चुरे क्षेत्रमा सुक्खा जमिनमा फल्ने आँप दक्षिणी भेगमा ओसिलो ठाउँमा फल्ने आँपभन्दा स्वादिलो र मिठो हुन्छ।

**स्थानीय आँपको 'ब्राण्डिङ'**

'लहानको आँप' भनेर अर्कै ठाउँको बेच्ने, एउटा आँप भनेर अर्कै बेच्ने, विषादी प्रयोग गरिएको आँप बेचेर लहानको आँपलाई बदनाम गराउनेलाई निरुत्साहित गरी अर्ग्यानिक लहानको आँपको प्रवर्द्धन गर्न लहान नगरपालिकाले विगत दुई वर्षदेखि यहाँको माल्द आँपलाई 'ब्राण्डिङ' गरी काठमाडौँलगायत विभिन्न सहरमा पठाइने गरिएको छ। गाउँगाउँमा किसानले उत्पादन गरेको आँपलाई ब्राण्डिङ, ग्रेडिङ र प्याकेजिङ गर्नाले उपभोक्ता र उत्पादक नठगिने नगरपालिकाका कृषि संयोजक बद्रीनारायण चौधरीले बताउनुभयो।

जसअनुसार पहिलो वर्ष ३० मेट्रिक टन र दोस्रो वर्ष ९० मेट्रिक टन आँप 'ब्राण्डिङ' गरी काठमाडौँ, पोखरा, हेटौँडालगायत सहरमा बिक्री गरेको कृषि संयोजक चौधरीले जानकारी दिनुभयो। त्यसैगरी यस वर्षबाट गोलबजारको आँपलाई पनि 'ब्राण्डिङ' गरिएको छ।

**उत्पादन कम भएपछि गरिएन 'ब्राण्डिङ'**

आँपको उत्पादनमा कमी भएपछि यस वर्ष यहाँको आँपलाई 'ब्राण्डिङ' नगरिएको लहान नगरपालिका कृषि शाखाले जनाएको छ। एक वर्ष बिराएर फल्ने आँप गत वर्ष लटरम्म फलेकाले यस वर्ष गत वर्षको तुलनामा उत्पादनमा २० प्रतिशतले कमी आएको छ। जसले गर्दा मागअनुसार पुर्‍याउन नसक्ने भएकाले यस वर्ष ब्राण्डिङ नगरेको लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइले जानकारी दिनुभयो।

सप्तरीको सुरुङगामाई नगरपालिकाको उत्तरी भेगमा पर्ने श्रीपुर क्षेत्रमा उत्पादन हुने ठूलो परिमाणको आँपको बजार पनि लहान हो। सिरहा जिल्लाभित्र राष्ट्रिय राजमार्गसँग जोडिएको र चुरे क्षेत्रको वातावरण रहेको लहान, गोलबजार, धनगढीमाई, गोलबजार मिर्चैया र कर्जन्हा नगरपालिकाले ५० प्रतिशत अनुदानमा आँपको बिरुवा किसानलाई वितरण गर्ने कार्यक्रम ल्याएपछि आँपखेतीको विस्तार भइरहेको कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्र महासेठको भनाइ छ।

**चिस्यान केन्द्र नहुँदा समस्या**

विसं २०८१ चैत २६ गते मधेस प्रदेशसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेशको मुख्य फल आँपलाई युरोपलगायत मुलुकमा निर्यात गर्नुपर्ने बताउनुभएको थियो। मधेसको आँपको रसलाई जुसका रूपमा ब्राण्डिङ गरेर मनग्य आम्दानी लिन सकिने प्रधानमन्त्रीको भनाइ थियो। तर आँपको भण्डारण गर्न आवश्यक पर्ने चिस्यान केन्द्र सिरहामा मात्र होइन, मधेस प्रदेशमै छैन।

चिस्यान केन्द्र निर्माणका लागि स्थानीय तहको स्रोतसाधनले नधान्ने लहान नगरप्रमुख महेशप्रसाद चौधरीको भनाइ छ। त्यसका लागि प्रदेश तथा सङ्घीय सरकारसँग पटकपटक पहलकदमी गरेता पनि बेवास्ता गरिएको उहाँले गुनासो गर्नुभयो। "व्यवस्थित चिस्यान केन्द्र भए किसानले आँप भण्डारण गरी मूल्य आएका बेला बेच्न पाउँथे। त्यसका लागि केन्द्र तथा प्रदेश सरकारसमक्ष कुरा राखे पनि अहिलेसम्म प्रगति हुन सकेन। सबैभन्दा बढी आँप उत्पादन हुने क्षेत्रमा चिस्यान केन्द्र नहुनु विडम्बना हो।"

सरकारले आँपखेती गर्ने व्यावसायिक किसानका लागि चिस्यान केन्द्र, प्रशोधन कारखाना र निर्यातमा सहजीकरण गरिदिए मधेसको आँप अन्तरराष्ट्रिय ब्राण्ड बन्न सक्ने जानकारहरू बताउँछन्। उत्पादन र वितरण दुवै पक्षमा सुधार गर्दै लगियो भने मधेसको आँपखेतीले व्यावसायिक कृषिको क्षेत्रमा आमूल परिवर्तन ल्याउन सक्ने सम्भावना निकै बलियो छ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


**राजबिराज नगरपालिका**
**१ नं. वडा कार्यालय**
**राजबिराज, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

प.स. २०८१/०८२
च.न. १६३३

मिती :- २०८२।०३।०६

विषय: - सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने **महेश चन्द्र झा ले** तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८२।०३।०६ गते मा द.न.१६६२ को निबेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सवुत प्रमाण सहित यस वडा कार्यालयमा निबेदन दिन आउनु होला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

**तमसिल**

जिल्ला सप्तरी रा.बि.न.पां.२ हाल १ वस्ने मधुसुदन झा भन्ने मकसुदन झा नाउँमा दर्ता कायम रहेको जग्गा हरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | १क | १५१ | ०-६-१५ |
| सप्तरी | चनौरा पडरीया | १ख | १०० | ०-१-८ |
| सप्तरी | चनौरा पडरीया | १ख | ११४ | ०-४-१० |
| सप्तरी | चनौरा पडरीया | १ख | १३१ | ०-४-२ |
| सप्तरी | चनौरा पडरीया | १ख | १८४ | ०-१-४ |
| सप्तरी | मलेठ | ७क | ३५० | ०-२-५ |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष २०८२।३।६
रा.बि.न.पा.वडा नं.-१

# इनड्राइभ नेपालको “प्लेटिनम ड्राइभर्स गिभअवे” क्याम्पेनमा-चालकहरुलाई सुनौलो अवसर

**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

विश्वव्यापी मोबिलिटी एण्ड अर्बान सर्भिस प्लेटफर्म इनड्राइभले नेपालमा “प्लेटिनम ड्राइभर्स गिभअवे” क्याम्पेन सुरुवात गरेको छ ।

अघिल्लो संस्करणबाट उल्लेखनीय सफलता र उत्साहजनक प्रतिक्रिया पछि, यस पटक अभियानलाई अझ बढी परिस्कृत बनाउने वाचा गर्दै प्लेटिनम ड्राइभर्स गिभअवे शुरुवात गरेको हो ।

इनड्राइभले आफ्ना ड्राइभर पार्टनर्सको कडा परिश्रम र समर्पणलाई विशेषरुपमा सम्मान र पहिचान गर्न यो क्याम्पेन ल्याएको हो, जसमा ग्रान्ड प्राइजमा ब्रान्ड न्यू टाटा एक्सप्रेस ईभी कार, टिभीएस रेइडर मोटरसाइकल र प्रिमियम हाई-इण्ड ग्याजेटहरू रहेका छन् ।




जून १६ देखि जून २२, २०२५ सम्म, चालकहरूले प्लेटिनम स्ट्याटस प्राप्त गर्न र गिभअवे क्याम्पेनमा प्रवेश गर्नका लागि योग्य हुन ३५ ओटा राइड पूरा गर्नुपर्नेछ । जुन २३, २०२५ देखि, इनड्राइभ चालकहरूले विक्ली च्यालेन्जेजको सिरिजमा भाग लिने मौका पाउनेछन्, प्रत्येक हप्ताको उनीहरूले विशेष पुरस्कारहरू जित्ने अवसर प्राप्त गर्नेछन जुन २३ देखि जुलाई १३ सम्मको विक्ली च्यालेन्जेजमा प्लेटिनम स्ट्याटस प्राप्त गर्ने चालकहरू साप्ताहिक पुरस्कारहरूको लागि मात्र नभई ग्रान्ड प्राइजको लागि पनि योग्य हुनेछन्, जसमा क्याब (ट्याक्सी) चालकहरूको लागि टाटा एक्सप्रेस-टी ईभी र बाइक राइडरहरूको लागि टीभीएस रेइडरमोटरसाइकल रहेको छ ।

क्याम्पेन तीन हप्तासम्म आयोजना हुनेगरि डिजाइन गरिएको छ, प्रत्येक हप्ता विजेताहरूको घोषणा गरिने र जुलाई १७, २०२५ मा ग्राण्ड विनरको घोषणा गरिनेछ ।

## *तिलाठी कोईलाडीको ...*

आवश्यक कार्यक्रम सञ्चालन गरिने, पालिका भित्र रहेको सार्वजनिक संरचनाहरु (जस्तै पालिका भवन, स्वास्थ्य चौकी, विद्यालय भवन, अन्य) लाई अपांगतामैत्री बनाइने, विपदको जोखिमबाट प्रभावित बर्गको रुपमा रहेको अपांगता भएका व्यक्तिहरुको लागि विपद पूर्वतयारी तथा प्रतिकार्यको लागि विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइने नीति लिइएको छ ।

बाढीबाट अत्यधिक प्रभावित वडाहरुमा पूर्वानुमानमा आधारित विपद जोखिम न्युनीकरण कार्यक्रम संचालन गरिने, बढ्दो गर्मीलाई ध्यानमा राखी विभिन्न विकास साझेदारहरुसग मिलेर आवश्यक कार्यक्रमहरु संचालन गरिने, कक्षा ८ सम्म सामुदायिक तथा संस्थागत विद्यालयमा स्थानीय पाठ्यक्रमको रुपमा विपद् जोखिम न्युनीकरण शिक्षालाई लागू गर्न आवश्यक व्यवस्था मिलाइने, जलवायु परिवर्तन तथा विपद् जोखिम न्युनीकरणका लागि युवा परिचालन अभियान संचालन गरिने तथा विशेष समावेशी तथा जलवायुमैत्री कार्यक्रमहरु संचालन गरिने नीति लिइएको गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

सो अवसरमा तिलाठी कोईलाडी गाउँपालिकाका योजना शाखा प्रमुख राजुकुमार झा, कृषि शाखा प्रमुख उदयकान्त झा, अशोककुमार मण्डल, पशु शाखा प्रमुख बद्रीनारायण मण्डल, सिअहेब अधिकृत मनोज कुमार देव र संजय कुमार ठाकुर, अनमी प्रकृति यादव, प्रधानाध्यापकद्वय प्रवीण कुमार कर्ण र केदार पण्डित, आलेप विध्या कार्की, फिल्ड सहायक रतनकुमार मिश्र, कार्यालय सहयोगीहरु जुगनु कुमार मण्डल, राजाराम मण्डल र पवन गिरीलाई कदर पत्र र गम्छाले सम्मान गरियो ।

तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलको अध्यक्षतामा आयोजित १२औं गाउँ सभामा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, वडा अध्यक्षहरुले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।


## जनहितमा जारी जरुरी सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौंको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरुद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
-बाढीपहिरो तथा अन्न कारणबाट सडक तथा संरचनाहरू अवरुद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।

पूर्वाधार विकास कार्यालय, सप्तरी


# विश्व समाचार

## पाकिस्तानबाट २६९ अफगान नागरिक स्वदेश फिर्ता

काबुल, ६ असार (रासस/सिन्ह्वा) ।

पाकिस्तानको जेलमा रहेका कुल दुई सय ६९ अफगान नागरिकलाई बिहीबार रिहा गरी उनीहरूको मातृभूमि अफगानिस्तानमा फिर्ता पठाइएको स्थानीय मिडिया आउटलेट टोलोन्युजले शुक्रबार बताएको छ । पाकिस्तानको विभिन्न जेलमा तीन महिना बिताएका महिला र बालबालिका लगायत पूर्व कैदीहरूलाई तोरखाम सीमा बिन्दुमा अफगान अधिकारीहरूलाई हस्तान्तरण गरिएको छ । पाकिस्तानले विगत छ महिनामा सयौं अफगान कैदीलाई मुक्त गरेको छ । इस्लामाबादले कानूनी यात्रा कागजातहरू नभएका अफगान शरणार्थीहरूलाई छिमेकी देश छोड्न समेत निर्देशन दिएको छ ।

## इजरायली सेनाद्वारा तेहरानको हतियार अनुसन्धान केन्द्रमा आक्रमण

जेरुसेलम, ६ असार (रासस/एएफपी) ।

दुई शत्रुबीचको युद्धको आठौं दिनमा इजरायली सेनाले रातभर तेहरानमा दर्जनौं लक्ष्यमा आक्रमण गरेको शुक्रबार बताएको छ । आक्रमणमा ‘इरानको आणविक हतियार परियोजनाको अनुसन्धान र विकास’ केन्द्र भनिने ठाउँ समावेश छ । सेनाले एक विज्ञप्तिमा भनेको छ, “सेनाले तेहरानको मुटुमा शृङ्खलाबद्ध आक्रमणहरू सम्पन्न गरेको छः सैन्य क्षेप्यास्त्र उत्पादन स्थलहरू र इरानको आणविक हतियार परियोजनाको अनुसन्धान र विकासका लागि एसपिएनडी (अर्गनाइजेसन अफ डिफेन्सिभ इनोभेसन एन्ड रिसर्च) मुख्यालयसहित दर्जनौं लक्ष्यमा प्रहार गरिएको थियो ।”

इजरायली सेनाका अनुसार एसपिएनडी मुख्यालय इरानी शासनको सैन्य क्षमतालाई समर्थन गर्ने उन्नत प्रविधि र हतियारहरूको अनुसन्धान र विकासका लागि प्रयोग गरिन्छ । बिहीबार राति ६० वटाभन्दा बढी लडाकू विमानले दर्जनौं सैन्य लक्ष्यमा प्रहार गरेको सेनाले जनाएको छ । “लक्ष्यहरू मध्ये मिसाइल कम्पोनेन्टहरू उत्पादन गर्ने साइटहरू र कास्टिङ मिसाइल इन्जिनहरूमा प्रयोग हुने कच्चा मालहरू निर्माण गर्ने सुविधाहरू थिए”, सेनाले भनेको छ । इरान आणविक हतियार विकास गर्ने सङ्घारमा रहेको दाबी गर्दै इजरायलले एक हप्ताअघि आफ्नो कट्टर दुश्मनविरुद्ध हवाई आक्रमण गरेको थियो । उक्त आक्रमणपछि दुवैतर्फ बाट घातक आक्रमण सुरु भएका छन् । युद्धको कूटनीतिक समाधानमा पुग्ने आशामा युरोपेली विदेशमन्त्रीहरूले शुक्रबार आफ्नो इरानी समकक्षसँग वार्ता गर्नेछन् भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी संलग्नताको सम्भावनालाई विचार गरिरहनुभएको छ ।

## अमेरिकी अपिल अदालतद्वारा ट्रम्पलाई एलएमा नेसनल गार्ड नियन्त्रण गर्न अनुमति प्रदान

सान फ्रान्सिस्को (अमेरिका), ६ असार (रासस/एएफपी) ।

क्यालिफोर्नियाका गभर्नर गेभिन न्युसमको आपत्तिका बावजु अमेरिकी अपील अदालतले बिहीबार राष्ट्रपति डोनाल्ड ट्रम्पले लस एन्जलस (एलए) मा नेसनल गार्ड सेनाको नियन्त्रण जारी राख्न सक्ने फैसला गरेको छ ।

तीन न्यायाधीशको प्यानलले ३८ पृष्ठको सर्वसम्मत फैसलामा ट्रम्पको ‘क्यालिफोर्नियाका गभर्नर ‘मार्फत’ प्रत्यक्ष रूपमा सङ्घीयकरण आदेश जारी गर्न असफल भएको कुराले नेसनल गार्डलाई बोलाउने उहाँको अन्यथा वैधानिक अधिकारलाई सीमित गर्दैन’ भनेको छ ।

न्यायाधीशहरूले लेखेका छन्, “सङ्घीय कार्यहरू गर्ने सङ्घीय कर्मचारीहरूको सुरक्षा गर्न र सङ्घीय सम्पत्तिको रक्षा गर्न ट्रम्पले नेसनल गार्डका चार हजार सदस्यलाई ६० दिनका लागि सेवामा राख्न आदेश दिएपछि ट्रम्प आफ्नो अधिकारभित्र हुनुहुन्थ्यो ।”

बिहीबार राति ट्रुथ सोसलमा एक पोस्टमा ट्रम्पले यो निर्णयलाई ‘ठूलो जीत’ भन्दै खुशी मनाउनुभयो ।

“संयुक्त राज्य अमेरिकाभरि यदि हाम्रा सहरहरू र हाम्रा मानिसहरूलाई सुरक्षा चाहिन्छ भने राज्य र स्थानीय प्रहरी जुनसुकै कारणले काम पूरा गर्न असमर्थ भएमा हामी नै तिनीहरूलाई त्यो दिने व्यक्ति हौं”, ट्रम्पले लेख्नुभएको छ ।

गत हप्ता तल्लो अदालतका न्यायाधीशले प्रदर्शनले प्रभावित लस एन्जलसमा तिनीहरूलाई तैनाथ गर्ने राष्ट्रपतिको निर्णय ‘अवैध’ थियो भन्दै ट्रम्पलाई क्यालिफोर्निया नेसनल गार्डको नियन्त्रण न्युसमलाई फिर्ता गर्न आदेश दिएका थिए ।

न्युसमले पहिलेको निर्णयको स्वागत गर्दै ट्रम्प ‘राजा होइन, उहाँ सम्राट होइन र उहाँले त्यसरी व्यवहार गर्न बन्द गर्नुपर्छ’ भन्नुभएको थियो । अशान्तिको परिमाणलाई बारम्बार बढाइचढाइ गर्दै आउनुभएका ट्रम्पले स्थानीय अधिकारीहरूको आपत्ति हुँदाहुँदै पनि उनीहरूले ‘जलिरहेको’ सहरको नियन्त्रण गुमाएको दाबी गर्दै सात सय अमेरिकी मरीनलाई लस एन्जलस पठाउनुभएको थियो ।

सन् १९६५ पछि पहिलो पटक अमेरिकी राष्ट्रपतिले राज्यका गभर्नरको इच्छा विपरीत नेसनल गार्ड तैनाथ गर्नुभएको थियो । न्यूयोर्क टाइम्सका अनुसार ट्रम्पले अमेरिकी अपिल अदालत नवौं सर्किटको प्यानलमा दुई न्यायाधीश नियुक्त गर्नुभएको थियो र पूर्वराष्ट्रपति जो बाइडेनले तेस्रो न्यायाधीश नियुक्त गर्नुभएको थियो ।

# प्रधानमन्त्रीसँग उपनिर्वाचनबारे आयोगको परामर्श

काठमाडौँ, ६ असार (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीसँग निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभाको रिक्त दुई स्थान, राष्ट्रियसभामा आगामी फागुन २० गते रिक्त हुने १८ स्थानसहित स्थानीय तहको रिक्त स्थानमा निर्वाचन गर्ने सन्दर्भमा शुक्रबार परामर्श गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा प्रधानमन्त्री ओलीलाई आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्तहरूले भेटेर आगामी कात्तिकको दोस्रो साता प्रतिनिधिसभा र प्रदेशसभाको उपनिर्वाचन गर्न र राष्ट्रियसभामा आगामी फागुन २० गते रिक्त हुने १८ स्थानका लागि निर्वाचन तय गर्ने विषयमा छलफल गरेको हो।

प्रतिनिधिसभाका सदस्यको रुपन्देही क्षेत्र नं ३ र गण्डकी प्रदेशसभाको मनाङ क्षेत्र नं १ (२) को रिक्त सदस्यका लागि कात्तिकको दोस्रो साता निर्वाचन गर्ने गरी नेपाल सरकारको परामर्शमा यही असार १६ गतेभित्र आयोगले मिति तोक्ने तयारी गरेको छ। यसैगरी स्थानीय तहमा १३ वटा वडाध्यक्षको पद रिक्त रहेको आयोगले अवगत गराएको छ।

प्रधानमन्त्री ओलीले निर्वाचनका लागि आयोगले गरेको तयारीअनुसार आवश्यक सहजीकरणका लागि नेपाल सरकारका तर्फबाट सहयोग हुने विश्वास दिलाउनुभयो। उहाँले आगामी आवधिक निर्वाचनका लागि गर्नुपर्ने तयारी पनि गर्दै गर्न आयोगलाई सुझाव दिनुभयो। भेटका अवसरमा आयुक्तहरू डा जानकीकुमारी तुलाधार र सगुनशमशेर जबरा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उच्चाधिकारीलगायत सहभागी हुनुहुन्थ्यो।

# छुरा प्रहारबाट युवक घाइते

**दैनिक समाचारदाता**
**सिरहा, ६ असार।**

सिरहाको गोलबजारमा बिहीबार साँझ एक युवकमाथि छुरा प्रहार भएको छ। छुरा प्रहारबाट गोलबजार नगरपालिका १३ घर भई वडा नं. ४ बस्ने २४ वर्षीय अशोक कुमार महतो गम्भीर घाइते भएको प्रहरीले जनाएको छ।

उनको गोलबजारस्थित भुमिजा अस्पतालमा उपचार भइरहेको छ। उनीमाथि एक किशोरीले छुरा प्रहार गरेको बुझिन आएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी वीरेन्द्र कुमार पासवानले जानकारी दिए।

दुई जना प्रेमी प्रेमिका भएको बताइएको छ भने आपसी विवादपछि युवतीले छुरा प्रहार गरेको बताइएको छ।

यसैगरी छुरा प्रहारको घटनापछि भाग्ने क्रममा किशोरी पनि सामान्य घाइते भएकी छन्। उनको स्थानीय लाइफ लङ्ग अस्पतालमा उपचार गराइएको र त्यसपछि जिल्ला प्रहरी कार्यालय सिरहाको हिरासतमा राखिएको बताइएको छ।

स्थानीयका अनुसार पछिल्ला केही दिनदेखि किशोरी युवकको कोठामा पुग्ने गर्थिन्। बिहीबार पनि किशोरी युवकको कोठामा पुगेकी थिइन्। प्रहरीले घटनाको अनुसन्धान सुरु भएको जनाएको छ।

# मनसुन प्रणाली देशभर फैलियो

काठमाडौँ, ६ असार (रासस)।

यस वर्षको मनसुन प्रणाली शुक्रबारदेखि देशभर फैलिएको छ। मौसम पूर्वानुमान महाशाखाले शुक्रबार विशेष मौसम बुलेटिन निकालेर २३ दिनपछि मनसुन देशभर फैलिएको जनाएको हो।

यस वर्षको मनसुन जेठ १५ गते देशको पूर्वी भागबाट प्रवेश गरी कोशी प्रदेशको अधिकांश भूभागमा विस्तार भएकामा जेठ २९ गते मधेस, बागमती र गण्डकी प्रदेशका केही भाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रका केही भागसम्म विस्तार भएको थियो।

मौसमविद् प्रतिमा मानन्धरले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा शुक्रबारदेखि मनसुन फैलिएसँगै अब देशभर मनसुन सक्रिय रहने बताउनुभयो। "हाल कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका केही भाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रमा मनसुनी वायुको प्रभाव छ। साथै देशका पश्चिम भागमा पश्चिमी र स्थानीय वायुको आंशिक प्रभाव छ", उहाँले भन्नुभयो, "भारतको पश्चिम बङ्गाल आसपासका क्षेत्रमा बनेको न्यूनचापीय क्षेत्रको पनि आंशिक प्रभाव छ।"


## सडकको संरक्षण गरौं।

**सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो, त्यसैले,**

- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,
- निर्माण सामग्री सडकमा नथुपारौं,
- सडकमा सवारी साधन धुने नगरौं,
- सडकका नालीमा अवरोध नगरौं,
- सवारी आवागनमा वाधा नपुऱ्याऔं।

**सडक डिभिजन कार्यालय, लहान, सिरहा**


# बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का कर्मचारीविरुद्ध मुद्दा दायर

काठमाडौँ, ६ असार (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन कार्यकारी निर्देशक बलराम ठाकुरसमेत नौ जनाविरुद्ध सार्वजनिक सम्पत्ति हानिनोक्सानी पुऱ्याएको र आर्थिक अनियमितता गरेको अभियोगमा बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

प्रक्रियाबिना परिषद्को रकम खर्च गरेको, सवारीसाधन खरिद बिक्रीमा अनियमितता गरेको तथा मिलेमतोमा अन्य हिनामिना गरेको पाइएकाले आवश्यक अनुसन्धान गरी मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

आयोगले तत्कालीन कार्यकारी निर्देशक ठाकुरविरुद्ध रु ५१ लाख ७१ हजार ८८८ बराबरको बिगो माग दाबी गरेको छ। यस्तै, परिषद्का लेखापाल सावित्री गिरीविरुद्ध रु ३० लाख ७२ हजार ८४४, प्रशासकीय अधिकृत चिरञ्जीवीराज शर्मा ढुङ्गानाविरुद्ध रु १० लाख एक हजार ८७६, कम्प्युटर अधिकृत कृष्णमुरारी सिंहविरुद्ध रु १४ लाख ९९ हजार, सवारी चालक बिक्कीकुमार चौधरीविरुद्ध कैद सजायको मात्रै माग दाबी गरिएको छ।

उपभोक्ता समितिका अध्यक्ष विजयकुमार यादव र कोषाध्यक्ष बवितादेवी साहविरुद्ध रु २० लाख ९९ हजार, निर्माण व्यवसायी जितेन्द्रकुमार यादवविरुद्ध रु दुई लाख र प्रतिवादी बलराम ठाकुरको श्रीमती इन्दुलेखाकुमारी ठाकुर विरुद्ध रु ४५ लाख २२ हजार ८४५ बराबरको बिगो मागदाबी गरिएको छ। उनीहरुबाट बिगोबमोजिमको रकम असुली र कैद सजायको माग गर्दै मुद्दा दायर गरिएको आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिनुभयो।

# लहान नगरपालिकाले ल्यायो एक अर्ब ६७ करोडको बजेट

**दैनिक समाचारदाता**
**सिरहा, ६ असार।**

लहान नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ को लागि रु एक अर्ब ६७ करोड ९५ लाख २८ हजारको बजेट सार्वजनिक गरेको छ।

नगरप्रमुख महेशप्रसाद चौधरीले शुक्रबार नगरसभाको १६औँ अधिवेशनमा प्रस्तुत गरेको उक्त बजेटमा चालुतर्फ रु ७९ करोड ४० लाख अर्थात ४७.२८ प्रतिशत र पुँजीगततर्फ रु ८८ करोड ५५ लाख २८ हजार अर्थात कूल बजेटको ५२.७२ प्रतिशतको बजेट प्रस्तुत गरेका हुन।

यसअन्तर्गत शिक्षातर्फ रु २३ करोड ५८ लाख, स्वास्थ्यतर्फ रु २७ करोड ९३ लाख, कृषितर्फ रु आठ करोड ६६ लाख र पूर्वाधारतर्फ रु ५० करोड विनियोजन गरिएको नगरप्रमुख चौधरीले जानकारी दिए।

नगरपालिकाको आन्तरिक आय रु २५ करोड हुने अनुमान गरिएको छ। सार्वजनिक नीति तथा कार्यक्रम र बजेटमा नगरप्रमुख महेशप्रसाद चौधरीले 'हाम्रो लहान-सुन्दर, समुन्नत र सभ्य लहान निर्माणको नारालाई मूलमन्त्रका रूपमा अगाडि सारिएको बताए।


## गोप्य शिलबन्दी प्रस्ताव सम्बन्धी सुचना

*(प्रथम पटक प्रकाशित मिति २०८२।०३।०७)*

कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय कल्याणपुर, सप्तरीमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति समानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी प्रस्तावद्धारा निम्न शर्त सुविधा अन्तर्गत बिक्री गरिने भएकोले सो सामान लिन चाहने व्यक्ति/फर्म वा कम्पनीबाट गोप्य शिलबन्दी प्रस्तावको लागि कृषि विकास बैक लि आर्थिक प्रशासन विनियमवाली २०७८ को १५(३) र सोही विनियमावलीको अनुसुची १ को प्रकृया पुरा गरि १५(पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ।

**लिलाम हुने सामानको संक्षिप्त विवरण**

| क.स. | सामानहरुको संक्षिप्त विवरण | न्युनतम बोलकबोल मुल्य |
|---|---|---|
| १ | साईकल, युपिएस ब्याट्री, डेष्कटप कम्प्युटर, फर्निचर सामान, अन्य कार्यालय उपकरण लगायत अन्य विविध सामानहरु एकमुष्ट रुपमा लिलाम विकी गरिने। | रु.७४,००५/-(अक्षेरुपी रु.चौहतर हजार पांच मात्र) |

**शर्तहरु**

१. गोप्य शिलबन्दी प्रस्तावले आफूले बोलेको रकमको १०% धरौटी रकम यस बैकको राजविराज शाखामा रहेको खाता न. ११०३९००३३३४६३०११ मा जम्मा गरि बैक भौचर पेश गर्नुपर्नेछ। धरौटी नराखी पेश गरिएको गोप्य शिलबन्दी प्रस्तावलाई मान्यता दिईने छैन।
२. गोप्य शिलबन्दी प्रस्तावद्धारा लिलामी गरिने सामान हेर्न चाहेमा मिति २०८२।०३।१५ गते देखि कार्यालय खुलेको दिन १ बजेदेखि ४ बजेसम्म हेर्न सकिने छ।
३. गोप्य शिलबन्दी प्रस्ताव स्वीकृत भएको मितिले ५ दिन भित्र कवुल गरेको सम्पूर्ण रकम जम्मा गरी सामान उठाउनु पर्ने छ।
४. गोप्य शिलबन्दी प्रस्ताब पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछि कार्यालय खुल्ने दिनमा समेत पेश गर्न सकिनेछ।
५. थप जानकारीको लागि आवश्यक भएमा कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय, कल्याणपुर, सप्तरीमा सम्पर्क गरी जानकारी लिन सकिनेछ।
६. गोप्य शिलबन्दी बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने सम्पुर्ण अधिकार शाखा कार्यालयमा निहीत रहनेछ।

**समान रहेको स्थान :** कृषि विकास बैंक लिमिटेड
शाखा कार्यालय, कल्याणपुर, सप्तरी।

**गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति र समय :-** सुचना प्रकाशित भएको मितिले १६ (सोह्र) दिनमा उक्त दिन विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको दिन खोलिने छ।

**कृषि विकास बैंक लिमिटेड**
**शाखा कार्यालय, कल्याणपुर, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*